**मिति २०७४/०५/१३ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू**

१· प्रस्ताव नं १ मा छलफल गर्दा ढोरचौर गाउँपालिका अन्तर्गतका साविकका सिद्धेश्वरी, बाँझकाँडा र चाँदेकरेन्जी गाविसमा एक गाविस एक प्राविधिका रुपमा सम्बन्धित जिल्ला स्थित कार्यालयबाट नियुक्ती लिई निरन्तर रुपमा काम गर्दै आएका कृषि सेवा अन्तर्गतका ना.प्रा.स. निशा के. सी. र ना.प्रा.स. तिला कुमारी रेउले र पशु सेवा अन्तर्गतका ना. प. स्वा. प्रा. चक्र बहादुर के. सी. को सेवा करार सम्झौता तथा प्रचलित कानुन बमोजिम तलब सुविधा हुनेगरी २०७४ साल स्रावन १ गते देखि लागु हुने गरि २०७४ साल  असार मसान्त सम्मको लागि करार म्याद थप गर्ने सर्वसम्मतले निर्णय गरियो।

२· प्रस्ताव नं २ मा छलफल गर्दा यस गाउँकार्यपालिकाको स्वीकृत दरबन्दी अनुसार ईन्जिनियर तथा ओभरसियर पद रिक्त रहदा गाउँसभा बाट स्वीकृत योजनाको कार्यान्वयन तथा सन्चालनमा बाधा पर्न गई समयमै योजना सम्पन्न हुन नसक्ने स्थिति देखिएकोले गाउँ कार्यपालिकाले खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा ईन्जिनियर तथा ओभरसियर राख्नको लागि  पत्रिकामा विज्ञापन गर्ने  सर्वसम्मतले निर्णय गरियो।

त्यसैगरि पशुसेवा विभाग अन्तर्गतको  एक गाविस एक प्राविधिक कार्यक्रमको  लागि एक जना ना. प. स्वा. प्रा.  पदको लागि सेवा करारमा प्राविधिक नियुक्ती गर्नका लागि पत्रिकामा विज्ञापन गर्ने सर्वसम्मतले निर्णय गरियो।

३· प्रस्ताव नं ३ मा छलफल गर्दा यस गाउँपालिकामा संचालित योजना, विकास निर्माण तथा कार्यक्रमको अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकन गर्न गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको बजेट तथा कार्यक्रम अनुगमन मुल्यांकन समिति गठन गर्ने सर्वसम्मतले निर्णय गरियो।
<u>तपसिल</u>

श्री चित्र बहादुर चलाउने संयोजक
श्री पुष्पा कुमारी वोहरा सदस्य
श्री हरिजंग चन्द सदस्य
श्री राम बहादुर बस्नेत सदस्य
श्री रुद्र बहादुर बुढाथोकी सदस्य
श्री शालिकराम बुढाथोकी सदस्य
श्री दिनेश कुमार वि.एम. सदस्य
श्री नन्दलाल बोहरा सदस्य
प्राविधिक कर्मचारी सदस्य

४ प्रस्ताव नं ७ मा छलफल गर्दा ढोरचौर गाउँ कार्यपालिका अन्तर्गतका देहाय बमोजिमका सदस्यहरु रहनेगरि तपसिलका समितिहरु गठन गर्ने सर्वसम्मतले निर्णय  गरियो।

**<u>तपसिल</u>**

**क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

श्री पुष्पा कुमारी बोहरा —संयोजक

श्री दिनेश कुमार वि.एम —सदस्य

श्री लक्ष्मी सार्की -सदस्य

**ख) आर्थिक विकास समिति**

श्री शालिकराम बुढाथोकी —संयोजक

श्री नन्दलाल बोहरा —सदस्य

श्री मैकली बुढाथोकी -सदस्य

**ग) सामाजिक विकास समिति**

श्री रुद्र बहादुर बुढाथोकी —संयोजक

श्री शालिकराम बुढाथोकी —सदस्य

श्री खुमा सुनार -सदस्य

**घ) पूर्वाधार विकास समिति**

श्री नन्दलाल बोहरा —संयोजक

श्री तारा गिरी —सदस्य

श्री मान बहादुर दमाई -सदस्य

**ङ) वातावरण तथा विपद व्यवस्थापन समिति**

श्री दिनेश कुमार वि.एम. —संयोजक

श्री राम बहादुर बस्नेत —सदस्य

श्री कमला रावत -सदस्य

**च) बिधेयक समिति**

श्री राम बहादुर बस्नेत —संयोजक

श्री खुमा सुनार -सदस्य

श्री मान बहादुर दमाई —सदस्य

५· प्रस्ताव नं ५ मा छलफल गर्दा गाउँपालिको अध्यक्षको अध्यक्षतामा तपसिल बमोजिकका सदस्य रहनेगरी स्थानीय विकास समस्या समाधान समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

**<u>तपसिल</u>**

श्री चित्र बहादुर चलाउने —अध्यक्ष
श्री पुष्पा कुमारी बोहरा —सदस्य
श्री हरिजंग चन्द —सदस्य
श्री राम बहादुर बस्नेत —सदस्य
श्री शालिकराम बुढाथोकी —सदस्य

६· प्रस्ताव नं ६ मा छलफल गर्दा कृषि र पशुसेवाका स्थानिय तहमा हस्तानतरण भयका कार्यक्रमको आवश्यक बजेट वितिय समानिकरण अनुदानमा समावेश भएको भन्ने जानकारी ढोरचौर गाउँपालिकाको गाउँसभाले बजेट विनियोजन गरिसके पछिमात्र प्राप्त भएकोले कृषि र पशु सेवाका कार्यक्रमहरु बजेट विहिन भएकोले गाउँसभाले पारित गरेका तपसिलका योजनाहरु खारेज गरी उक्त योजनामा विनियोजन भएको जम्मा बजेट रु ३१,५०,०००।— (अक्षेरुपी एक्तिस लाख पचास हजार मात्र) मध्ये कृषि तर्फ १६,००,०००।— (सोह्र लाख मात्र) र पशुसेवा तर्फ १५,५०,०००।— (पन्ध्र लाख पचास हजार मात्र) विनियोजन गर्ने र यस गाउँपालिका कृषि र पशुसेवाका सम्बन्धीत शाखाका कर्मचारीको समन्वयमा कार्यक्रम तय गरि गाउँ कार्यपालिकाबाट पारित गरि कार्यन्वयन गर्ने र उक्त संसोधित कार्यक्रमको अनुमोदनको लागि यस पछि बस्ने गाउँसभामा पेश गर्ने सर्वसम्मतले निर्णय गरियो।

<u>तपसिल</u>

| | |
|---|---|
| सिद्ध मावि भडारे भवन निर्माण | रु १६,००,०००।— |
| शान्ति सुन्दर आ वि खार्वन २ कोठे भवन निर्माण | रु १०,००,०००।— |
| शान्ति प्रा वि कागखोला भवन मर्मत तथा घेरवार | रु २,५०,०००।— |
| हिमालय नि मा वि माझखर्क फिल्ड निर्माण घेरवार | रु ३,००,०००।— |

७· प्रस्ताव नं ७ मा छलफल गर्दा यस गाउँपालिकाको वडा नं १, बाँझकाँडामा बर्थिङ्ग सेन्टर स्थापनाको लागि गाउँसभाले गरेको हुदा जिल्ला स्वास्थ्य कार्यालय सल्यान सँग अनुमति माग गर्ने सर्वसम्मतले निर्णय गरियो।